दर्ता नं. २८०/२०६२/०६३

"अपनाऊ पद्धति सहकारी, हटाऊ गरीबि र बेरोजगारी"

फोन नं. ०१-५५४७७७७

# प्रतिभा बचत तथा ऋण सहकारी संस्था लिमिटेड
# Pratibha Saving & Credit Co-operative Limited

लगनखेल, ललितपुर

स्था. २०६३

(सहकारी ऐन २०४८ अनुसार स्थापित)

पत्र सं.०७६/७७

च.नं ११९

मितिः-२०७६।०५।३१

श्री ..........................................ज्यू

सदस्य नं...............

**विषय : तेहौँ वार्षिक साधारण सभा सम्बन्धमा ।**

यस संस्थाको मिति २०७६।०५।१४ गते बसेको संयुक्त बैठकको निर्णय अनुसार आगामि ४ वर्षका लागी सञ्चालक समिति र लेखा तथा सुपरिवेक्षण समितिको निर्वाचन लगाएत निम्न विषयहरु उपर छलफल तथा निर्णय लिनको लागि तपसिलको मिति, समय र स्थानमा **तेहौँ वार्षिक साधारण सभा** बस्ने भएकोले अनिवार्य उपस्थितिको लागि अनुरोध गरिन्छ ।

**साधारण सभा मिति, समय र स्थान**

मिति :-२०७६ कार्त्तिक २३ गते शनिवार

समय :-विहान १०:०० बजे

स्थान :-साझा पार्टी प्यालेस, लगनखेल

**साधारण सभामा छलफलका विषयहरु ।**

१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्वन्धमा ।

२) लेखा तथा सुपरिवेक्षण समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्वन्धमा ।

३) संस्थाका कोषाध्यक्षबाट आर्थिक वर्ष २०७५/०७६ को आर्थिक प्रतिवेदन प्रस्तुत र आर्थिक वर्ष २०७६/०७७ को लागि अनुमानित बजेट प्रस्तुत गरी पारित गर्ने सम्वन्धमा ।

४) आर्थिक वर्ष २०७५।०७६ को लेखापरीक्षण प्रतिवेदन प्रस्तुत गरी पारित गर्ने सम्वन्धमा ।

५) आर्थिक वर्ष २०७५।०७६ को लाभांश घोषणा तथा संरक्षित पुँजी फिर्ता कोषको रकम वितरण सम्बन्धमा ।

६) आर्थिक वर्ष २०७६।०७७ को लेखापरीक्षक नियुक्त गरि पारिश्रमिक तोक्ने सम्बन्धमा ।

७) निर्वाचन सम्वन्धमा ।

८) साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गर्न १२ जना प्रतिनिधि छनौट गर्ने सम्बन्धमा ।

९) विनियम संशोधन गर्ने सम्बन्धमा ।

१०) संस्थाको आन्तरिक निति, निर्देशिका र कार्यविधिहरु पारित गर्ने सम्बन्धमा ।

११) विविध ।

**पूनश्च** :-

- माथि उल्लेखित विषयका अतिरिक्त संस्थाको हितका लागि कुनै सुझाव भएमा २०७६ कार्तिक १४ गते भित्र संस्थामा लिखित रुपमा दर्ता गराउनुहुन अनुरोध गरिन्छ ।
- परिचय पत्र लिन बाँकी सदस्यहरुले नागरिकताको प्रतिलिपि र १ प्रति अटो साईजको फोटो सहित २०७६ कार्तिक १४ गते भित्र संस्थामा बुझाई परिचय पत्र लिनुहुन अनुरोध गरिन्छ ।
- सामुदायिक विद्यालयबाट २०७५ सालको SEE परीक्षामा उर्त्तिण हुने १ जना छात्र र १ जना छात्रालाई **"संस्थापक अध्यक्ष रामहरि बजगाई अक्षय कोष"** मार्फत छात्रवृत्ति वितरण गरिने भएकोले लब्धांक पत्रको प्रतिलिपि सहित २०७६ कार्तिक १७ गते भित्र फारम बुझाउनुहुन अनुरोध गरिन्छ ।
- साधारण सभामा परिचय पत्र सहित स्वयं उपस्थित हुने शेयर सदस्यलाई मात्र परिवहन खर्च वापत रु.५००।- प्रदान गरिनेछ ।
- निर्वाचन कार्यक्रमको कार्यतालिका यसै पत्रको पछाडी समावेश गरिएको छ ।

(बलबहादुर के.सी. घिमिरे)

सचिव

Email: prativasaccos@hotmail.com

दर्ता नं. ३८०/२०६२/०६३ "अपनाऊ पद्धति सहकारी, हटाऊ गरीबि र बेरोजगारी" फोन नं. ०१-५५४७७७७

# प्रतिभा बचत तथा ऋण सहकारी संस्था लिमिटेड
# Pratibha Saving & Credit Co-operative Limited

लगनखेल, ललितपुर
स्था.: २०६२

पत्र सं.०७६/७७
च.नं १२१
(सहकारी ऐन २०४८ अनुसार स्थापित) मितिः-२०७६।०५।३१

विषय :- निर्वाचन कार्यतालिका प्रकाशन सम्बन्धमा ।

यस संस्थाको तेह्रौं वार्षिक साधारण सभाबाट सञ्चालक समिति र लेखा तथा सुपरीवेक्षण समितिको निर्वाचन प्रयोजनका लागि निर्वाचन उप-समितिको मिति २०७६ साल भाद्र २९ गते बसेको बैठकको निर्णय अनुसार देहाय बमोजिमको निर्वाचन कार्यक्रम तय गरिएकोले संस्थाका शेयर सदस्यहरुलाई जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क.सं. | निर्वाचन कार्यक्रम | मिति | समय | स्थान |
|---|---|---|---|---|
| १ | मतदाता नामावली प्रकाशन | २०७६।०७।१७ | विहान १०:३० बजे | संस्थाको कार्यालय |
| २ | मतदाता नामावली उपर दावीविरोध | २०७६।०७।१७ | बिहान ११:०० देखि ३:०० बजे सम्म | संस्थाको कार्यालय |
| ३ | मतदाताको अन्तिम नामावली प्रकाशन | २०७६।०७।१७ | बेलुका ४:३० बजे | संस्थाको कार्यालय |
| ४ | उम्मेदवारको मनोनयन दर्ता | २०७६।०७।१८ | बिहान १०:०० बजे देखि ३:०० बजे सम्म | संस्थाको कार्यालय |
| ५ | उम्मेदवारी दरखास्त फारमको सनाखत | २०७६।०७।१८ | दिउँसो ३ :०० बजे देखि ४:०० बजे सम्म | |
| ६ | उम्मेदवारको प्रारम्भिक नामावली प्रकाशन | २०७६।०७।१८ | दिउँसो ४ :३० बजे | संस्थाको कार्यालय |
| ७ | उम्मेदवारी उपर दावी विरोध दर्ता | २०७६।०७।१९ | विहान १०:०० बजे देखि १२:०० बजे सम्म | संस्थाको कार्यालय |
| ८ | उम्मेदवारी फिर्ता | २०७६।०७।१९ | दिउँसो १२:०० बजे देखि ४:०० बजे सम्म | संस्थाको कार्यालय |
| ९ | उम्मेदवारको अन्तिम नामावली प्रकाशन | २०७६।०७।१९ | दिउँसो ४:३० बजे | संस्थाको कार्यालय |
| १० | उम्मेदवारको प्रचार प्रसार | २०७६।०७।२३ | दिनभर | साधारणसभा स्थल |
| ११ | मतदान प्रारम्भ | २०७६।०७।२३ | दोश्रो सत्रको समाप्ति पछि | साधारणसभा स्थल |
| १२ | मतगणना प्रारम्भ | २०७६।०७।२३ | मतदानको समाप्ति पछि | साधारणसभा स्थल |
| १३ | निर्वाचनको मत परिणाम घोषणा | २०७६।०७।२३ | मतगणनाको समाप्ति पछि | साधारणसभा स्थल |
| १४ | सपथ ग्रहण र प्रमाणपत्र वितरण | २०७६।०७।२३ | मत परिणाम घोषणा पश्चात | साधारणसभा स्थल |

**नोट -**

- उल्लेखित कार्यक्रमको तालिकामा निर्वाचन समितिले आवश्यत्ता अनुसार हेरफेर गर्नसक्ने छ ।
- सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, सहकारी मपदण्ड, ,संस्थाको निर्वाचन निर्देशिका अन्तर्गत रहि निर्वाचन हुने हुँदा उम्मेदवार तथा मतदाताले सोको पूर्ण पालना गर्नुपर्ने छ ।
- अध्यक्ष र लेखा तथा सुपरिवेक्षण समितिको संयोजक पदमा दरखास्त दिने उम्मेदवारले २५००/-, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष पदको उम्मेदवारले रु. २००० र सञ्चालक सदस्य र लेखा समितिका सबै पदका लागि रु.१५००/- रकम धरौटि वापत संस्था बुझाउनुपर्ने छ ।

ईन्द्र घिमिरे
निर्वाचन उप-समिति
संयोजक

# प्रतिभा बचत तथा ऋण सहकारी संस्था लिमिटेडको
## तेह्रौं वार्षिक साधारण सभामा
## सञ्चालक समितिको तर्फबाट अध्यक्षको प्रतिवेदन–२०७६

प्रतिभा बचत तथा ऋण सहकारी संस्था लिमिटेडको तेह्रौं वार्षिक साधारण सभाको महत्वपूर्ण र गरिमामय अवसरमा हाम्रो निमन्त्रणालाई हृदय देखि स्वीकार गरी पाल्नुभएका आदरणीय प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यूहरु, अतिथिज्यूहरु, पत्रकारज्यूहरु तथा संस्थाको साधारण सभा सम्पन्न गर्न सहभागी हुनु भएका सम्पूर्ण सेयर सदस्य महानुभावहरुमा प्रतिभा बचत तथा ऋण सहकारी संस्था लिमिटेड सञ्चालक समितिको तर्फबाट हार्दिक न्यानो सहकारी अभिवादन टक्रयाउन चाहन्छु ।

यस संस्थाका सदस्य नं ११५६ की कोमल कुमारी सापकोटाको मिति २०७६/०५/२१ गते असामायिक निधन भएकोमा दिवङगत आत्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

सन् १८४४ मा बेलायतबाट सुरु भएको सहकारी अभियान आजसम्म आइपुग्दा विश्वव्यापी रूपमा फैलिएको छ। सयुक्त राष्ट्रसङ्घले सन् २०१२ लाई अन्तर्राष्ट्रिय सहकारी वर्षका रुपमा विश्वभर मनाएपछि सहकारी क्षेत्रलाई अन्तर्राष्ट्रिय महत्त्व दिएको छ। विश्वका करिब ८ अर्ब जनसंख्यामध्ये १.५ अर्बभन्दा बढी सहकारीमा आबद्ध भएको पाइन्छ । विश्व अर्थतन्त्रमा सहकारीको हिस्साको प्रतिशत दोहोरो अङ्कमा पुगेको तथ्याङ्क छ । नेपालको सन्दर्भमा वि.स.२०१३ सालबाट सुरु भएको सहकारी अभियान हाल आएर सहकारी क्षेत्रबाट मात्रै ६०० खर्ब भन्दा बढीको कारोबार गरेको पाइन्छ । सहकारी क्षेत्रमा ६५ लाखभन्दा बढी सदस्यहरु छन् । नेपालको वित्तीय कारोबारमा सहकारीको योगदान झन्डै १८ प्रतिशत नाघेको पाइन्छ। त्यसैले पनि सहकारी बिना अर्थतन्त्रअघि बढ्न सक्दैन भन्ने मलाई लाग्दछ। जनमानसमा सहकारीप्रति आस्था र विश्वास हुनुमा कुनै द्विविधा नहोला भन्ने लाग्दछ ।

"अपनाऔं पद्धति सहकारी, हटाऔं गरिबी र बेरोजगारी" भन्ने मूलनारालाई आत्मसात गर्दै समान उद्देश्य, लगानी र प्रतिफलका साथ विभिन्न

व्यवसायमा आबद्ध भएरपनि आफूसँग भएको स-सानो पूँजीलाई बचत गरी आपसी समस्या समाधान गर्ने र आर्थिक स्तर वृद्धि गर्ने उद्देश्यका साथ अभिप्रेरित भई सेयर सदस्य विस्तार गर्ने लक्ष्य बमोजिम यस गरिमामय साधारण सभामा हालसम्म भएको सेयर सदस्य संख्या १८६५ बाट वृद्धि गरी २१०० पुऱ्याउने लक्ष्य सञ्चालक समितिले लिएको सहर्ष जानकारी गराउन चाहन्छु ।

प्रत्येक सेयर सदस्यको समान सहभागिताको आधारमा स्थापित यस संस्थालाई सहकारी अभियानको बीचमा एक सक्षम सहकारीका रुपमा स्थापित गराउन सकेका छौं। सदस्यहरुबाट आगामी दिनमा अझ नयाँ प्रयासहरुको अपेक्षा राख्दै हालसम्म पुऱ्याउनु भएको सहयोगप्रति हार्दिक आभार प्रकट गर्दछौं । आर्थिक, सामाजिक तथा सांस्कृतिक विकास गर्ने महान् उद्देश्य प्राप्तिका लागि यस संस्थामा आबद्ध सेयर सदस्यहरुलाई यस साधारण सभामा संस्था तथा मेरो व्यक्तिगत तर्फबाट समेत हार्दिक स्वागत गर्दछु। यस संस्थाले गैर राजनीतिक संस्कार, प्रजातान्त्रिक पद्धति र सहकारीको सिद्धान्त, मूल्य मान्यतालाई आफ्नो मूलमन्त्र मान्दै आएको छ। सदस्यहरुको आर्थिक सामाजिक र सांस्कृतिक विकासको निमित्त संस्थाका सञ्चालक समिति र उपसमितिहरु सक्रिय रुपमा अगाडि बढिरहेका छन् ।

आज हाम्रो देश सामाजिक आर्थिक रूपान्तरणको प्रक्रियामा गइरहेको छ । यस्तो अवस्थामा सहकारी अभियानको महत्त्वपूर्ण भूमिकालाई आत्मासात गरी स्थापना भएको प्रतिभा साकोसले आफ्ना सदस्यहरुबीचमा गरेको आर्थिक सामाजिक क्रियाकलाप तथा युवा तथा खेलकुद मन्त्रालयअन्तर्गत युवा तथा साना व्यावसायी स्वरोजगार कार्यक्रम तथा लघुवित्त कार्यक्रम सञ्चालन गरेर आफ्ना सदस्यलाई सेवा प्रदान गरिरहेको छ ।

सहकारी ऐन २०७४ र सहकारी नियमावली २०७५ लागु भएको परिप्रेक्ष्यमा हामी सबै सहकारीकर्मी खुसी छौँ । अझ केही दफाहरुमा सहकारी संस्था सञ्चालनमा कठिनाई भएता पनि सहकारी संस्था सञ्चालनमा सुशासनलाई जोड दिएको छ र यसलाई पूर्ण रूपमा यस संस्थाले पालना गरी अघि बढ्दा संस्थाको उत्तरोत्तर प्रगति हुनेछ भन्ने विश्वास मैले लिएको छु ।

विद्यामान राजनितिक अस्थीरता, समय समयमा तरलताको अभाव, विश्व( व्यापी रुपमा फैलिएको आर्थिक मन्दी, घरजग्गाको कारोवारमा आएको मन्दी, समय समयमा सेयर बजारमा देखापरेको नैरास्यपूर्ण अवस्था भैगोलिक विकटता पर्याप्त सुचना सम्प्रेषणमा कठिनाई आदिका कारणबाट सवै सदस्यहरु माझमा हामी पुग्न सकेका छैनौं, तर पनि सबै व्यवधानहरुका बावजुत पनी प्राप्त सीमित स्रोत र साधनको अधिकतम प्रयोग गरी यस संस्थाले आफ्ना सदस्यहरुको वृहत्तर हितमा कार्य गदै आईरहेको छ ।

संस्थाले हाल सम्म रु.२७ करोड बराबरको कारोबार गरिसकेको जानकारी गराउन चाहन्छु । यतिमै मात्र सन्तुष्टि नलिई सहकारी सञ्चालनमा रहेका चुनौतीलाई अवसरका रुपमा बदल्दै संस्थालाई सम्पूर्ण सदस्यहरुको सहयोग, सद्भाव र विश्वास मिल्दा संस्था अगाडि बढेर उचाइसम्म पुग्छ भन्ने विश्वास लिएको छु ।

१३ औं वार्षिक साधारण सभाको यस अवधि सम्ममा संस्थाले के कसरी कार्य गर्न सकेको छ, ती कार्यको सङ्क्षिप्त विवरण यस सम्मानित सभासमक्ष छोटकरीमा प्रस्तुत गर्न चाहन्छु ।

**१) बैठकहरूः**

संस्थालाई अगाडि बढाउन संस्थाको सञ्चालक समिति तथा अन्य उपसमितिको महत्त्वपूर्ण भूमिका रहन्छ । संस्थाको समिति तथा उप-समितिहरुको औपचारिक बैठक के कति बस्यो, त्यसलाई निम्न तालिकाद्वारा प्रस्तुत गरिएको छ :

| क्र.सं. | समिति /उप-समिति | बैठक संख्या |
|---|---|---|
| १. | सञ्चालक समिति नियमित तथा संयुक्त | १३ पटक ४ पटक |
| २. | लेखा तथा सुपरिवेक्षण समिति | ५ पटक |
| ३. | ऋण उप-समिति | ३४ पटक |
| ४. | शिक्षा उप-समिति | ३ पटक |
| ५. | महिला उप-समिति | २ पटक |
| ६. | युवा उप-समिति | ३ पटक |
| ७. | अनुगमन तथा मूल्याङ्कन उप-समिति | २ पटक |
| ८. | स्वास्थ्य हितकोष परिचालन उप-समिति | ७ पटक |
| ९. | छात्रवृत्ति परिचालन उप-समिति | ३ पटक |

**२) यस संस्थाको कारोबारको एक झलक:**

सदस्यहरुको आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरणका लागि स-सानो पूँजी सङ्कलन गरी सदस्यहरुको हितमा लगानी गर्दै आएका छौं । संस्थाले १३ औं वर्ष पार गरेको अवस्थामा संस्थाले गरेका विभिन्न गतिविधिलाई सम्मानित साधारण सभा समक्ष प्रस्तुत गर्नु सञ्चालक समिति र अध्यक्षको कर्तव्य हो । आ.व २०७५/०७६ सम्ममा संस्थाले गरेका कारोबार तलको तालिकामा प्रस्तुत गरेका छौं :

| क.स. | विवरण | २०७४/०७५ | २०७५/०७६ | वृद्धि प्रतिशत |
|---|---|---|---|---|
| १. | सेयर पूँजी | ३,३६,६९,९००।०० | ३,५३,९०,७००।०० | ५।११% |
| २. | बचत संकलन | १८८,४९३,४९९।०२ | १९,३३,०७,४२०।९१ | २।५५% |
| ४. | कर्जा लगानी | १६३,२३८,२४१।१० | १७४,२०२,६०१।०० | ६।७१% |
| ६. | कुल कारोबार | २६९,०३३,४७३।५५ | २७,५१,३१,५८५।०९ | २।६३% |
| ७. | सेयर सदस्य | १७६१ जना | १८५२ जना | ५।१६% |

**३) संस्थाले सदस्यता लिएको तथा प्रतिनिधित्व सम्बन्धमा:**

क) राष्ट्रिय सहकारी बैंक लि.को सदस्यता

ख) नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.को सदस्यता

ग) जिल्ला सहकारी संघ लि. ललितपुरको सदस्यता

घ) ललितपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.को सदस्यता

**४) सहकारी अभियानमा नेतृत्व तथा कार्यक्रममा सहभागी:**

क) संस्थाका अध्यक्ष रामहरि बजगाई राष्ट्रिय सहकारी बैंक लि.को मिति २०७५ पौष २१ र २२ गते भएको १५औं वार्षिक साधारण सभाबाट सञ्चालक समितिको सदस्य र ललितपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.को मिति २०७५ फागुन १८ गते भएको २४औं वार्षिक साधारण सभाबाट सञ्चालक समितिको अध्यक्ष पदमा निर्वाचित हुनुभएको हुँदा संस्था राष्ट्रिय स्तरमा सहकारी अभियानमा चिनाउन सफल भएको छ र यसलाई हामीले उपलब्धिको रुपमा लिएका छौं ।

ख) ६२औं राष्ट्रिय सहकारी दिवसको उपलक्ष्यमा २०७५ चैत्र २० गते आयोजित सहकारी प्रभातफेरी कार्यक्रम तथा दीप प्रज्वलन कार्यक्रममा

सक्रिय सहभागिता जनाइएको । साथै सहकारी दिवसको उपलक्ष्यमा आयोजित अन्य कार्यक्रममा पनि सक्रिय सहभागिता जनाइएको ।

ग) राष्ट्रिय सहकारी बैंक लि.,नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि., जिल्ला सहकारी संघ लि., ललितपुर तथा जिल्ला बचत तथा ऋण सहकारी संघ लि. को साधारण सभामा प्रतिनिधिसहित सहभागी भएको ।

घ) विभिन्न संघसंस्थाद्वारा आयोजित कार्यक्रममा सक्रिय सहभागिता जनाइएको ।

**५) तालिम तथा गोष्ठीमा सहभागिताः**

क) राष्ट्रिय सहकारी बैंक लि., नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि., जिल्ला सहकारी संघ लि.र ललितपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि. द्वारा विभिन्न समयमा आयोजना भएका अन्तरक्रिया कार्यक्रमहरुमा सञ्चालक तथा कर्मचारीहरुको सहभागिता रहेको ।

ख) ललितपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि. द्वारा रजत वर्षको अवसरमा आयोजित कार्यक्रमहरुमा सञ्चालक तथा कर्मचारीहरुको सहभागिता रहेको ।

**६) आव २०७५/०७६ मा सम्पन्न गरिएका शिक्षा तालिम तथा अन्य कार्यक्रमः**

क) ६२ औं राष्ट्रिय सहकारी दिवसको अवसरमा २०७५ चैत्र १५ गते ललितपुर मंगलबजारमा प्रतिभा साकोस र सामाजिक साकोसको संयुक्त आयोजनामा बृहत् खुला रक्तदान कार्यक्रम गरिएको ।

ख) संस्थाद्वारा आव २०७५/०७६ मा विभिन्न समयमा ११ वटा सहकारी अभिमुखीकरण तालिम संस्थाको कार्यालयमा प्रदान गरिएको ।

ग) संस्कृतिविद् वाङ्मय शताब्दी पुरुष महाविद्यावारिधि श्री सत्यमोहन जोशी ज्यूको १०० औं जन्मोत्सवको अवसरमा मिति २०७६ बैशाख ३० गते आयोजित शताब्दी महोत्सव कार्यक्रममा सहभागी जनाएको ।

**७) जोखिममा आधारित साकोस सुपरिवेक्षण कार्यक्रम (कर्वस्) सहभागिताः**

नेफ्स्कुनद्धारा सञ्चालित (कर्वस्) कार्यक्रममा सहभागीभई संस्थाको वित्तीय अवस्था, सुशासन तथा व्यवस्थापकीय रुपमा सक्षम बनाई समुदायमा आधारित दिगो संस्था बनाउन जोखिममा आधारित साकोस सुपरीवेक्षणको अवधारणा कार्यान्वयनको सुरुवात गरिएको ।

## ८) युवा स्वरोजगार कर्जा लगानी:

संस्थाले नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय, युवा तथा साना व्यवसायी स्वरोजगार कोष सचिवालयसँग दोस्रो चरणमा २०७३ मङ्सिरमा रु.७५,००,०००।०० (अक्षरेपी पचहत्तर लाख रुपैयाँ मात्र) सम्झौता भए बमोजिम पटक पटक पहिलो, दोस्रो र तेस्रो किस्ता बापत प्राप्त रु.७५,००,०००।००(अक्षरेपी पचहत्तर लाख रुपैयाँ मात्र) रकम निम्न सदस्यहरुमा लगानी गरेको :

| क्र.स. | ऋणीको नाम थर | परियोजनाको नाम | लगानी रकम |
|---|---|---|---|
| १. | श्री शिवप्रसाद चैलागाई | दुध डेरी | २००,०००।०० |
| २. | श्री कमला राना | तरकारी खेती | २००,०००।०० |
| ३. | श्री लक्ष्मण बजगाई | पशुपालन | २००,०००।०० |
| ४. | श्री सम्झना बजगाई | पशुपालन | २००,०००।०० |
| ५. | श्री सीता घिमिरे तिमल्सिना | पशुपालन | २००,०००।०० |
| ५. | श्री बालकृष्ण बजगाई | पशुपालन | २००,०००।०० |
| ७. | श्री पार्वती घिमिरे | पशुपालन | २००,०००।०० |
| ८. | श्री चित्रप्रसाद घिमिरे | पशुपालन | २००,०००।०० |
| ९. | श्री प्रदिप बानिया | तरकारी खेती | २००,०००।०० |
| १०. | श्री नवराज सुवेदी | खुद्रा पसल | १००,०००।०० |
| ११. | श्री राजकुमार तिमल्सिना | पशुपालन | २००,०००।०० |
| १२. | श्री हिरा बजगाई | खुद्रा पसल | १५०,०००।०० |
| १३. | श्री पूर्णप्रसाद सञ्जेल | पशुपालन | २००,०००।०० |
| १४. | श्री गोमा बजगाईं | पशुपालन | २००,०००।०० |
| १५. | श्री निर्मला बजगाईं | पशुपालन | २००,०००।०० |
| १६. | श्री अम्बिका घिमिरे | पशुपालन | २००,०००।०० |
| १७. | श्री गीता मगर | सुनचाँदि पसल | २००,०००।०० |
| १८. | श्री राजकुमार मगर | पशुपालन | १५०,०००।०० |
| १९. | श्री रामप्रसाद सञ्जेल | पशुपालन | २००,०००।०० |
| २०. | श्री शान्ति पौडेल | तरकारी खेती | १००,०००।०० |
| २१. | श्री मैयादेवी दाहाल | खुद्रा पसल | २००,०००।०० |

| | | | |
|---|---|---|---|
| २२. | श्री अप्सरा दाहाल | पशुपालन | २००,०००।०० |
| २३. | श्री सपना घिमिरे | खुद्रा पसल | २००,०००।०० |
| २४. | श्री राजकुमार बञ्जारा | दूध डेरी | २००,०००।०० |
| २५. | श्री आशामाया लावती | कुखुरा पालन | २००,०००।०० |
| २६. | श्री सनोज तामाङ | मोबाइल पसल | २००,०००।०० |
| २७. | श्री होमनाथ सञ्जेल | पशुपालन | २००,०००।०० |
| २८. | श्री लिलाकुमारी घिमिरे | नर्शरी वयवसाय | २००,०००।०० |
| २९. | श्री निर्मला सञ्जेल | पशुपालन | २००,०००।०० |
| ३०. | श्री रोमकुमारी बजगाई | दूध डेरी | १५०,०००।०० |
| ३१. | श्री सीता मिजार | सिलाइ बुनाई | १००,०००।०० |
| ३२. | श्री पार्वती तिमल्सिना | व्यवसाय | २००,०००।०० |
| ३३. | श्री प्रकाश बैजु | व्यवसाय | २००,०००।०० |
| ३४. | श्री पवन घिमिरे | दूध डेरी | १५०,०००।०० |
| ३५. | श्री ईश्वरमान महर्जन | व्यवसाय | २००,०००।०० |
| ३६. | श्री ललिता हुमागाई | व्यवसाय | २००,०००।०० |
| ३७. | श्री उद्धव दाहाल | पशुपालन | २००,०००।०० |
| ३८. | श्री निरञ्जन आचार्य | दूध डेरी | २००,०००।०० |
| ३९. | श्री उर्मिला बजगाई | व्यवसाय | २००,०००।०० |
| ४०. | श्री गजेन्द्र आचार्य | तरकारी खेति | २००,०००।०० |
| जम्मा लगानी | | | ७५००,०००।०० |

**९) लघुवित्त विपन्न वर्ग कर्जा लगानी:**

संस्थाले महिला सदस्यहरुको आर्थिक एवम् सामाजिक नेतृत्व विकास तथा चेतनाको स्तर अभिवृद्धि गराउने मुख्य उद्देश्यका साथ सदस्यहरुका बीचमा आफ्नो आर्थिक कारोबार लघुवित्त कार्यक्रममार्फत सदस्यहरुमा कर्जा लगानी कार्यलाई निरन्तरता दिएको ।

**१०)प्रतिभा सहानुभूति तथा स्वास्थ्य हित कोष:**

संस्थाका सदस्यहरुलाई सहयोग गर्ने उद्देश्यले “प्रतिभा सहानुभूति तथा स्वास्थ्य हित कोष” संस्थापना गरी उक्त कोष मार्फत काजकिरिया खर्च र स्वास्थ्य उपचार खर्च निम्न सदस्यहरु तथा सदस्यका परिवारलाई सहयोग प्रदान गरिएको ।

**१०.१ काजकिरिया खर्चः**

सेयर सदस्यको मृत्यु भएमा प्रतिभा सहानुभूति तथा स्वास्थ्य हित कोष निर्देशिका बमोजिम निम्न मृतक सदस्यका परिवारलाई सहयोग रकम उपलब्ध गराईएको ।

| क्र.स. | नाम थर | सदस्य नं | रकम |
|---|---|---|---|
| १ | कोमल कुमारी सापकोटा | ११५६ | १०,०००। |
| | | जम्मा | १०,०००। |

**१०.२ उपचार खर्चः**

सेयर सदस्यहरुको गम्भीर रोग लागेका तथा दुर्घटनामा परेका सदस्यहरुलाई प्रतिभा सहानुभूति तथा स्वास्थ्य हित कोष निर्देशिका बमोजिम निम्न सदस्यहरुलाई सहयोग रकम उपलब्ध गराइएको :

| क्र.स. | नाम थर | सदस्य नं | रकम |
|---|---|---|---|
| १ | कृष्णप्रसाद घिमिरे | ४३१ | ५,०००।- |
| २ | कल्पना दाहाल (सापकोटा) | ३४५ | ७,०००।- |
| ३. | लक्ष्मण बजगाई | ८५९ | ५,०००।- |
| ४ | अप्सरा दाहाल | ८२ | ७,०००।- |
| ५ | सरु तिमल्सिना | ८८१ | ५,०००।- |
| ६ | कमलप्रसाद दाहाल | २१० | १०,०००।- |
| ७ | अनिता सापकोटा | १७२१ | ३,०००।- |
| ८ | रामजी तिमल्सिना | ३३७ | ५,०००।- |
| ९ | टेकबहादुर भण्डारी | ७६३ | १५,०००।- |
| १० | दिलकुमारी तिमल्सिना | १८१६ | ३,०००।- |
| | जम्मा | | ६५,०००।- |

**११) पहिरो पीडित सहयोग वितरणः**

मिति २०७५ साल श्रावण ६ गते राती ललितपुर जिल्ला बाग्मती गाउँपालिका वडा नं ५ इकुडोलमा पहिरो गइ घरवारी पूर्णरुपमा क्षति हुने निम्न सदस्यहरुलाइ आर्थिक सहयोग गरिएको :

| क्र.स. | नाम थर | सदस्य नं. | सहयोग रकम |
|---|---|---|---|
| १ | शिवप्रसाद घिमिरे | ५४ | ५,०००।- |
| २ | नविन घिमिरे | ११६६ | ५,०००।- |
| | | जम्मा | १०,०००।- |

**१२) सुत्केरी पोषण खर्च वितरणः**

यस संस्थाले सुरुवात गरेको सुत्केरी पोषण खर्च वितरण कार्यक्रम अन्तर्गत निम्न महिला सदस्यहरुलाई घ्यू वितरण गरिएको :

| क्र.स | नाम थर | सदस्य नं. | सुत्केरी भएको अस्पतालको नाम | परिणाम |
|---|---|---|---|---|
| १. | गंगा माया बि.क | १५१३ | किस्ट मेडिकल कलेज अस्पताल | २ किलो घिउ |
| २. | चन्दा तामाङ | १४४८ | परोपकार प्रसुती तथा स्त्रीरोग अस्पताल | २ किलो घिउ |
| ३. | अर्चना दाहाल | १४३४ | धुलिखेल अस्पताल | २ किलो घिउ |
| ४. | सुनिता लामा | १३८८ | धुलिखेल अस्पताल | २ किलो घिउ |
| ५. | निला बजगाई | ७०५ | सिचर मेमोरियल अस्पताल | २ किलो घिउ |
| ६. | सरिता शाक्य | १३०६ | पाटन अस्पताल | २ किलो घिउ |
| ७. | उर्मिला प्रजापति | १११८ | पाटन अस्पताल | २ किलो घिउ |
| ८. | बबिता बस्नेत | १६४७ | पाटन अस्पताल | २ किलो घिउ |
| ९. | तारा बि.क | १२४२ | परोपकार प्रसुती तथा स्त्रीरोग अस्पताल | २ किलो घिउ |
| १०. | गंगा कट्टेल | ७२३ | किस्ट मेडिकल कलेज अस्पताल | २ किलो घिउ |
| ११. | सम्झना घिमिरे | १५५९ | नारायणी उप-क्षेत्रीय अस्पताल | २ किलो घिउ |
| १२. | सर्मिला रिजाल | १०१५ | पाटन अस्पताल | २ किलो घिउ |
| १३. | सुजता कोईराला | १५७६ | पाटन अस्पताल | २ किलो घिउ |
| १४. | राधिका घिमिरे | ८२९ | नेपाल मेडिकल कलेज | २ किलो घिउ |
| १५. | सरु तिमल्सिना | ८८१ | पाटन अस्पताल | २ किलो घिउ |
| १६. | अनिता सापकोटा | १७२१ | परोपकार प्रसुती तथा स्त्रीरोग अस्पताल | २ किलो घिउ |
| १७. | खेमकुमारी सुवेदी | १७०८ | पाटन अस्पताल | २ किलो घिउ |
| १८. | रमला सापकोटा | ११५९ | पाटन अस्पताल | २ किलो घिउ |
| १९. | सरस्वती आचार्य | १११९ | पाटन अस्पताल | २ किलो घिउ |
| २०. | सविता बजगाई | ७०८ | पाटन अस्पताल | २ किलो घिउ |
| २१. | तुल्सी बि.क | ७८६ | किस्ट मेडिकल कलेज अस्पताल | २ किलो घिउ |
| २२. | कञ्चन कुमारी | १३८७ | श्री भवानि अस्पताल एण्ड रिसर्च सेन्टर | २ किलो घिउ |

**१३)संस्थापक अध्यक्ष रामहरी बजगाई अक्षय कोषः**

संस्थापक अध्यक्ष रामहरी बजगाँई अक्षय कोष मार्फत गत बर्ष २०७४ सालको समुदायिक बिद्यालयबाट माध्यमिक शिक्षा परिक्षा SEE उर्त्तिण निम्न सदस्य तथा सदस्यहरुका छोराछोरीलाई नगद सहित सम्मान गरिएको ।

| क्र.म | पुरस्कृत छात्र/छात्रा | सेयर सदस्य/अभिभावक | सदस्य नं | रकम |
|---|---|---|---|---|
| १. | रिमा सञ्जेल | निर्मला सञ्जेल | ८६४ | रु. १५०००।०० |
| २. | अनिल दाहाल | आफै | १४३६ | रु. १५०००।०० |
| | | जम्मा | | रु. ३०,०००।०० |

**सेयर सदस्य महानुभावहरू,**

अब म आ.व. २०७६/२०७७ मा यस संस्थाले लागु गर्ने नीति तथा कार्यक्रमहरु अनुमोदन तथा पारित गर्न यस सम्मानित सभासमक्ष पेस गर्दछु । आर्थिक वर्ष २०७६/०७७ मा कार्यान्वयन गरिने प्रस्तावित नीति तथा कार्यक्रमहरु

१) सेयर तथा बचत जमानतमा सदस्यहरुलाई सुविधाकर्जा ७५,०००।-, ४५,००० ।-, ३५,०००।- दिइनेछ । जसमा कार्यालय व्यवस्थापन शुल्क लाग्ने छैन र ब्याज दर भने १५% कायम गरिएको छ । सेयर सदस्यहरुले सामुहिक जमानत कर्जा, धितो कर्जा,हायरपर्चेज कर्जा लिन पाउने व्यवस्था यथावत् राखिएको छ ।सुविधा कर्जाभन्दा माथिको कर्जा लगानी गर्दा सुविधा कर्जाभन्दा माथिको कर्जाको मात्र कार्यालय व्यवस्थापन शुल्क लाग्नेछ ।

२) कुनै पनि सेयर सदस्यहरु अस्पताल भर्ना भई उपचार गराउनुपर्ने अवस्थामा बिरामीको स्थिति हेरी बढीमा रु.१,००,०००।- सम्म स्वास्थ्य उपचार कर्जा उपलब्ध गराइनेछ । सो कर्जाको ब्याज १०% र भुक्तानी अबधि बढीमा २ वर्षको हुनेछ तर कार्यालय व्यवस्थापन शुल्क भने लाग्ने छैन ।

३) संस्थाले सदस्यता वृद्धि गर्न रु.५००००।-, २००००।-, १००००।-, ५०००।-, १०००।- रकममा यस वर्ष २१०० जना सदस्य पुऱ्याउने लक्ष्य लिएको छ, । तर अन्य उही प्रकृतिको संस्थामा रहेका सदस्यलाई दोहोरो सदस्यता दिइनेछैन ।

४) यस संस्थाका कुनै सेयर सदस्यको मृत्यु भएमा प्रतिभा सहानुभूति तथा स्वास्थ्य हित कोषमार्फत काजकरिया खर्च र औषधी उपचार खर्चबापतको रकम निम्नानुसारले दिइनेछ :

**काजकिरिया खर्च**

| क्र.स. | सेयर पूँजी | दिइने रकम |
|---|---|---|
| १. | १,०००–१०,०००।- | १०,०००।- |
| २. | १०,१००–२०,०००।- | १५,०००।- |
| ३. | २०,१००–५०,०००।- | ३०,०००।- |

**औषधि उपचार खर्च रोगको अवस्था हेरी बढीमा रु.१५,०००।०० सम्म प्रदान गरिनेछ।**

५) नेपाल सरकार, यूवा तथा खेलकुद मन्त्रालय अन्तर्गत युवा तथा साना व्यवसायी स्वरोजगार कोषको युवा स्वरोजगार कर्जालाई निरन्तरता दिन थप रकम माग गरिनेछ।

६) युवापुस्तामा बढ्दै गएको कृषि, पशुपालनप्रतिको चाहना र हौसलालाई सामूहिक रूपमा ग्रामीण क्षेत्रमा कृषि र पशुपालन कार्यक्रमलाई संस्थाहरु मिलि विशिष्टीकृत संघ वनाई कार्यक्रम अगाडि वढाइने छ।

७) प्रविधिको विकास तथा प्रतिष्पर्धा बजारको अवस्था बमोजिम **Mobile Banking** र **S.M.S Banking** सेवा सञ्चालन गरिनेछ।

८) ६३ औं राष्ट्रिय सहकारी दिवसको अवसरमा मिति २०७६ चैत्र १५ गते शनिबार मङगलबजारमा रक्तदान कार्यक्रम सञ्चालन गरिनेछ।

९) संस्थाको सञ्चालक समिति, लेखा समिति, उप–समितिहरु र संस्थाका कर्मचारीहरुलाई काम कर्तव्य भुमिकामा जवाफदेहि र नेत्तृत्वदायी भूमिका स्थापित हुने किसिमको एक पटक नेत्तृत्व विकास तालिम सञ्चालन गरिनेछ।

१०) सेयर सदस्य तथा सदस्यहरुका छोरा छोरीहरुलाई माध्यमिक शिक्षा (SEE) उत्तीर्ण दखि उच्च तह उत्तीर्ण गर्नेहरुलाई सम्मान गरिनेछ। साथै संस्थाले सुचना प्रकाशित गर्नासाथ शैक्षिक प्रमाणपत्रको प्रतिलिपि संस्थामा उपलब्ध गराउनुहुन समेत अनुरोध गर्दछु।

११) संस्थाको वासलातमा रहेको संरक्षित पूँजी फिर्ताकोषको रकम सहकारी ऐन २०७४ अनुसार सदस्यको बचत तथा कर्जाको भार अनुसार निर्धारण गरी समयमानै व्याज वुझाउने सदस्य र बचत कर्ताको व्याजका आधारमा सदस्यहरुलाई रकम वितरण गरिनेछ ।

१२) संस्थाको संस्थागत विकास तथा अनुभव आदान प्रदानका लागि उत्कृष्ट सहकारी संस्थाहरुको अवलोकन भ्रमणमा सञ्चालक समिति, लेखा समिति, उप–समितिहरु र संस्थाका कर्मचारीहरुलाई एक पटक सहभागी गराइनेछ ।

१३) नेफ्स्कुनद्धारा सञ्चालित जोखिममा आधारित साकोस सुपरीवेक्षण कार्यक्रम (कर्वस्) लाई निरन्तरता दिइनेछ ।

१४) संस्थासँग नजिकको सम्बन्ध भएका र सम्बन्ध हुन सक्ने अन्य सहकारी संस्थासँग छलफल गरी एकीकरण गर्ने नीति लिइनेछ ।

१५) संस्थाको कारोबारमा भएको वृद्धिसँगै संस्थाको ढुकुटी, काउन्टर तथा बैंकमा रकम जम्मा गर्न जाँदा आउँदाको मार्गस्थ बिमा सम्बन्धमा नीति बनाई लागु गरिनेछ ।

१६) शारीरिक रूपमा अशक्त भएका सदस्यहरुलाई बचतको ब्याजमा १ प्रतिशत थप र कर्जा लगानीमा १ प्रतिशत कम ब्याज तथा कार्यालय व्यवस्थापन शुल्क नलाग्ने व्यवस्था गरिएकोछ ।

१७) संस्थाले सञ्चालनमा ल्याएको **website: www.pratibha.coop.np** मार्फत संस्थाका गतिविधिहरु जानकारी लिन सक्ने गरी सञ्चालन गरिनेछ ।

१८) एक आर्थिक वर्षमा सबै भन्दा धेरै सदस्य बनाउने २ जना पुरुष र २ जना महिला सदस्यहरुलाई साधारण सभामा सम्मान गरिने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१९) महिला सदस्यहरु दुई पटक सम्म सुत्केरी भएमा सुत्केरी पोषण कार्यक्रम अर्न्तगत २ किलो घिउ प्रदान गरिने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२०) संस्थापक अध्यक्ष "**रामहरी बजगाई अक्षय कोष–२०७२**" बाट १/१ जना छात्र र छात्रालाई छात्रवृत्ति वितरण निरन्तर गरिनेछ ।

२१) संस्थाबाट ऋण लिने सदस्यहरुको विमा सम्बन्धि निती बनाई लागु गरिनेछ ।

२२) "**एक सदस्य एक साथी**" कार्यक्रम लागु गरि सदस्यता वृद्धि गरिनेछ ।

२३) जेष्ठ सदस्यहरुलाई धार्मिक स्थलको वर्षमा १ पटक तिर्थाटन गराइनेछ ।

२४) लघुवित्त कार्यक्रमलाई प्रभावकारीका साथ अगाडि बढाइ केन्द्रहरु थप निर्माण गरिनेछ ।

२५) सेयर सदस्यहरुलाई नयाँ ढाँचामा तयार पारिएको सेयर प्रमाणपत्र निरन्तर वितरण गरिनेछ ।

२६) नयाँबन्ने सदस्यहरुलाई सहकारी अभिमुखीकरण तालिम संस्थाको तालिम हलमा निरन्तर दिइनेछ ।

२७) बचत तथा ऋण लगानीको ब्याजदरमा समयाअनुकूल परिर्वतन गरिनेछ ।

२८) सेयर सदस्यहरुको फोटो सहितको परिचय पत्र निरन्तर वितरण गरिनेछ ।

संस्था होस वा व्यक्ति मिहिनेतले आर्जन गरेर धेरै प्रगति/सम्पत्ति कमाएका हुन्छन् तथापि मानिसहरुको कमाउने तिर्खा कहिल्यै मेटिदैन र मानिसलाई कमाइरहन मन लाग्छ प्रगति सही मार्गबाट आर्जन गरेर सही मार्गमा उपयोग गर्न सक्यौ भने मात्र हाम्रो जीवन सार्थक र धन्य बन्दछ ।

तपाईहरुले हामीलाई अत्यन्तै विश्वास दिनुभएको छ । त्यस विश्वासलाई इमान्दारीपूर्वक आँच नआउन दिनको लागि हामी सधैव सचेत छौ । यहाँहरुले जुन विश्वाश हामीलाई दिनुभएको छ निश्चय पनि यो अविश्वसनीय तर सत्य छ । यहाँहरुले गर्नुभएको विश्वास प्रति हामीले दुई शब्द कृतज्ञ र धन्यवाद व्यक्त गर्दैमा पुग्दछ भन्ने मलाई लाग्दैन । यहाँहरुले पाउने सेवामा सहजता बचतको सुरक्षा, व्यवसायमा लगानीको सहज पहुँच र समुदायमा सामाजिक आर्थिक र साँस्कृतिक लगायतका गतिविधिहरुमा संस्थाबाट योगदानहुन सक्यो भने मात्र तपाईहरुलाई कृतज्ञता र धन्यवाद व्यक्त गरेको सार्थक हुन्छ भन्ने विश्वास मैले लिएको छु ।

अर्थतन्त्रको क्षेत्रमा सहकारीले महत्त्वपूर्ण योगदान पुऱ्याउन सक्छ भन्ने तथ्य हाल देशमा सञ्चालित सहकारी संस्थाहरुले प्रमाणित गरिसकेको अवस्थामा सहकारीलाई सङ्कुचित नगरी सरकार अगाडि बढ्नुपर्ने आजको आवश्यकता बनिसकेको पनि सम्बन्धित सरोकारवालाहरुको ध्यानाकर्षण गराउन चाहन्छु । समाजबाट गरिबी पछौटेपन र विपन्नतालाई निर्मूल पार्न र नयाँ परिवेशमा नयाँ उत्साहसाथ "**समृद्ध नेपाल सुखि नेपाली**" निर्माणको अभियानमा लाग्न

सर्म्पूण सदस्य महानुभावहरुलाई आग्रह गर्दै संस्थालाई निरन्तर अघि बढाउन तपाईंहरुको अमूल्य सल्लाह, सुझाव र हौसला पाइरहने विश्वास मैले लिएको छु ।

आज १३ औं वार्षिक साधारण सभा निर्वाचन सहितको भएको हुँदा निर्विरोध निर्वाचित हुनुहुने सञ्चालक समिति र लेखा तथा सुपरीवेक्षण समितिलाई सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु । मलाई संस्था सञ्चालनमा १३ औं बर्ष सम्म सहयोग पुऱ्याउनुहुने सञ्चालक समिति, लेखा तथा सुपरीवेक्षण समिति, विभिन्न उप-समिति, कर्मचारीहरु, सदस्य महानुभावहरु र सम्वन्धित निकायका सरोकारवाला व्यक्तिहरुप्रति हार्दिक कृतज्ञता अर्पण गर्न चाहान्छु ।

अन्त्यमा, यदि संस्था सञ्चालनमा आजका मिति सम्म केही कमी कमजोरीहरु म बाट भएको भए कमी कमजोरी प्रति आत्मआलोचना गर्दै संस्था अगाडि बढाउन सहयोग गर्नुहुने सम्पूर्ण सेयर सदस्य तथा शुभचिन्तकप्रति धन्यवाद व्यक्त गर्दै यस गरिमामय सभामा उपस्थित भएर शोभा बढाउनुका साथै आफ्नो अमूल्य समय दिई विचार व्यक्त गर्नुहुने आदरणीय प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यू, अतिथिज्यू र पत्रकारज्यूहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

मिति : २०७६/०७/२३
सञ्चालक समितिका तर्फबाट
साझा पार्टी प्यालेस लगनखेल, ललितपुर

रामहरि बजगाई
अध्यक्ष

धन्यवाद ॥
जय सहकारी । जय प्रतिभा ॥

# प्रतिभा बचत तथा ऋण सहकारी संस्था लिमिटेडको
## १३ औं वार्षिक साधारण सभामा
## लेखा तथा सुपरीवेक्षण समितिका तर्फबाट प्रस्तुत प्रतिवेदन-२०७६

संस्थाको वार्षिक साधारण सभामा सभापतित्व गरिरहनुभएका संस्थाका अध्यक्षज्यू, संस्थाको निमन्त्रणालाई स्वीकार गरी उपस्थित हुनुभएका प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यूहरू तथा अतिथिज्यूहरू, सञ्चालक समितिका पदाधिकारी तथा सञ्चालक सदस्यज्यूहरू, विभिन्न उपसमितिका संयोजक तथा सदस्यज्यूहरू, सम्पूर्ण सेयर सदस्यहरू, कर्मचारीज्यूहरू, लेखासमितिका सहकर्मी मित्रहरू सबैमा न्यानो सहकारी अभिवादन व्यक्त गर्दछु ।

यस गरिमामय १३ औं साधारण सभाको अवसरमा लेखा तथा सुपरीवेक्षण समितिको तर्फबाट प्रतिभा बचत तथा ऋण सहकारी संस्था लिमिटेडको आ.व. २०७५/०७६ को प्रतिवेदन प्रस्तुत गर्ने अवसर प्राप्त भएकामा सभामा उपस्थित सम्पूर्ण महानुभावहरूप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । यस सहकारी संस्था लिमिटेडले १३ औं वर्ष पूरा गरी १४औं वर्षमा प्रवेश गरेको छ । यस अवस्थासम्म आइपुग्दा संस्थाले प्रशस्त संस्थागत विकासका पाठहरू सिक्दै अघि बढ्ने अभ्यास गरेको कुरा सम्पूर्ण सेयर सदस्य महानुभावहरूमा छर्लङ्ग छ ।

**आदरणीय सेयर सदस्य महानुभावहरु,**

आ.व. २०७५/०७६ मा संस्थाले गरेका काम कारबाहीको सङ्क्षिप्त गतिविधिहरू प्रस्तुत गर्न चाहन्छु ।

१. **१२ औं वार्षिक साधारण सभाका निर्णयहरुको कार्यान्वयनको अवस्था:** आर्थिक वर्ष २०७५/०७६ मा अवलम्बन गरिएका नीति तथा कार्यान्वयनको अवस्था निम्नानुसार पाइयो :

| क्र.स. | कार्यक्रमहरू | २०७५/२०७६ |
|---|---|---|
| १. | साधारण बचत, नियमित बचत, आवधिक बचत सङकलन/फिर्ता | सम्पन्न गरिएको |
| २. | सुविधा ऋण,सामूहिक ऋण, धितो ऋण र शैक्षिक ऋण प्रवाह | सम्पन्न गरिएको |
| ३. | संस्थापक अध्यक्ष रामहरि बजगाई छात्रवृत्ति कार्यक्रम | सम्पन्न गरिएको |
| ४. | सहकारी अभिमुखीकरण तालिम | सम्पन्न गरिएको |
| ५. | प्रतिभा सहानुभूति तथा हितकोष व्यवस्था | प्रयोगमा ल्याएको |
| ६. | सेयर सदस्यको असामयिक निधन हुन गएमा रु. १००००। देखि ३००००। सम्म काजकिरिया खर्च पाउने व्यवस्था र उपचार खर्च | प्रदान गरिएको |
| ७. | उत्कृष्ट कारोबार गर्ने सेयर सदस्यलाई पुरस्कार वितरण (बचत तथा ऋणतर्फ ) | सम्पन्न गरिएको |
| ८. | ज्येष्ठ नागरिक सम्मानको व्यवस्था | व्यवस्था गरिएको |
| ९. | विभिन्न नयाँ तथा प्रभावकारी बचत तथा कर्जा कार्यक्रम सञ्चालन गरी लक्ष्यअनुसारको पुँजी सङ्कलन तथा कर्जा लगानी एवं असुली गर्न तीव्र प्रयास गरिनेछ। | प्रयासरत रहेको |
| १०. | सुत्केरीलाई पोषण कार्यक्रम | सम्पन्न गरिएको |
| ११. | सदस्य परिचयपत्र वितरण | वितरण गरिएको |
| १२. | ज्येष्ठ नागरिक तीर्थाटन कार्यक्रम | प्रयासरत रहेको |
| १३. | सहकारी शिक्षा कार्यकम | सम्पन्न गरिएको |
| १४. | ढुकुटी तथा नगद बिमा | प्रयासरत रहेको |
| १५. | अध्ययन अवोलोकन भ्रमण | प्रयासरत रहेको |
| १६. | रक्तदान कार्यक्रम | सम्पन्न गरिएको |
| १७. | शारीरिक रूपमा अशक्त सदस्यहरूलाई प्रोत्साहन | प्रयासरत रहेको |
| १८. | बचत तथा ऋण लगानीका ब्याजदरमा परिवर्तन | परिवर्तन गरिएको |
| १९. | सहकारी एकीकरण | प्रयासरत रहेको |

**२. आ.व. २०७५/०७६ मा बसेको बैठक संख्या, निर्णयहरु र निर्णयहरुको कार्यान्वयनको अवस्था :**

आ.व. २०७५/७६ मा सञ्चालक समितिको बैठक १३ पटक र लेखा तथा सुपरीवेक्षण समितिको बैठक ५ पटक बसेको थियो । सञ्चालक समितिको बैठकका निर्णयहरूलाई कार्यान्वयनमा ल्याइएको र नीतिहरूलाई अझ प्रभावकारी बनाउन व्यावहारिक, व्यवस्थित र समयानुकूल बनाई पारदर्शी रूपमा कार्यान्वयन गर्ने प्रयास गरिएको तथा अभिलेखीकरणमा थप सुधार भएको देखिन्छ ।

| क्र.सं. | समिति /उपसमिति | बैठक संख्या |
|---|---|---|
| १. | सञ्चालक समिति नियमित संयुक्त बैठक | १३ पटक ४ पटक |
| २. | लेखा तथा सुपरिवेक्षण समिति | ५ पटक |
| ३. | ऋृण उप-समिति | ३४ पटक |
| ४. | शिक्षा उप-समिति | ३ पटक |
| ५. | महिला उप-समिति | २ पटक |
| ६. | युवा उप-समिति | ३ पटक |
| ७. | अनुगमन तथा मूल्याङ्कन उप-समिति | २ पटक |
| ८. | स्वास्थ्य हितकोष परिचालन उप-समिति | ७ पटक |
| ९. | छात्रवृत्ति परिचालन उप-समिति | ३ पटक |

**३. ऋृण लगानीको प्रक्रिया, ऋृणबापतको सुरक्षण वा धितोसम्बन्धी व्यवस्थाः**

**(क) ऋृण लगानीको प्रक्रिया र ऋृणबापतको सुरक्षणः**

संस्थाले विभिन्न शीर्षकमा कर्जा लगानी गर्ने गरेको छ । संस्थाको कर्जा लगानी तथा असुली नीतिअनुसार आवश्यक कागजात पूरा गरी आवेदन फारम भरेपश्चात् सुविधा कर्जा लगानी गर्न कार्यालयका कर्मचारीलाई अधिकार दिइएको छ । सुविधाभन्दा बाहेकका सम्पूर्ण लगानीमा धितो सुरक्षणको व्यवस्था धितोलिई रोक्का तथा दृष्टिबन्धक गरी ऋृण प्रवाह गरेको पाइयो ।

**४. सहकारी विभागबाट जारी गरिएका ऐन, नियम पालना सम्बन्धी सङ्क्षिप्त विवरणः**

सहकारी ऐन २०७४, सहकारी नियमावलि २०७५, सम्पत्ति शुद्धीकरण ऐन २०७४ लागु भईसकेको र ऐन ,निमावली क्रमैसंग संस्थाले पालना गर्दै गरेको छ । सहकारी ऐन तथा नियमावलिमा नबाझिने गरी संस्थाको विनियम संशोधन गर्नुपर्ने देखिन्छ ।

**५. पदाधिकारीहरुको पारिश्रमिक, भत्ता र अन्य सुविधाहरुको विवरणः**

**५.१ पारिश्रमिकः**

संस्थाका कर्मचारीहरूलाई कर्मचारी नियमावलीको दायराभित्र रही पारिश्रमिक उपलब्ध गराइएको पाइयो ।

**५.२ भत्ता तथा अन्य सुविधाहरु :**

सञ्चालक समिति तथा लेखा समितिलाई बैठक भत्ता बापत रु.५८८।- प्रदान गरिएको पाइयो भने अन्य सुबिधा लिएको पाईएन ।

**६. कर्मचारी प्रशासन सम्बन्धी व्यवस्थाहरुः**

६.१ साधारण सभाबाट पारित कर्मचारी प्रशासन नियमावली भए/नभएको : भएको

६.२ कर्मचारी प्रशासन नियमावली प्रयोगमा ल्याइएको/नल्याइएको : ल्याएको

६.३ भर्ना प्रक्रिया पारदर्शिता र प्रतिस्पर्धी भएको/नभएको : भएको

६.४ कार्यरत कर्मचारीहरु र कार्यबोझ बिच तादम्यता रहेको/नरहेको : रहेको

**७. लेखा तथा सुपरीवेक्षण समितिले यसअघि दिइएका प्रतिवेदन बमोजिमका सुझावहरुको कार्यान्वयनको अवस्थाः**

लेखा समितिद्वारा दिइएका सुझावहरूलाई सञ्चालक समितिले अध्ययन गरी कमश कार्यान्वयन गर्दै आएको देखिन्छ ।

**८. आव २०७५/०७६ मा संस्थाले गरेको काम कारबाहीहरुको सङ्क्षिप्त गतिविधिहरुः**

८.१ यस संस्थाको यस आ.व. को कारोबार संस्थाको यस आ.व. मा कुल कारोवार २।६३% वृद्धि भई रु. २७,५१,३१,५८५।०९ पुगेको छ ।

८.२ संस्थाको कर्जा लगानीतर्फ यस आ.वमा गत वर्षको तुलनामा ६।७१% ले वृद्धि भई रु.१७४,२०२,६०१।०० पुगेको छ ।

८.३ यस आ.व.मा संस्थाको बचततर्फ गत वर्षको तुलनामा २।५५% ले वृद्धि भई रु.१९,३३,०७,४२०।९१ पुगेको छ ।

८.४ संस्थाको कारोबारमा वृद्धिसँगै खुद मुनाफातर्फ पनि वृद्धि भएको देखिन्छ । यस आवमा संस्थाले खुद मुनाफा तर्फ गत वर्षको तुलनामा ३४।१०% ले वृद्धि भएको छ ।

८.५ संस्थागत पूँजीमा गत वर्षको तुलनामा ४०।३७% ले वृद्धि भई कुल रु.५२,३३,७०८।१५ पुगेको छ ।

८.६ संस्थाले कार्यालय प्रयोजनको भवन निर्माण गर्नका लागि जग्गा खरिद कोषको स्थापना गरि यस वर्षको नाफा अघि रु.१०,६१,०६२।१५ कर्जा जोखिम कोषमा रु.९,२५,१७५।०० र प्रतिभा सहानुभूति तथा स्वास्थ्य हितकोषमा रु.३०,४००।०० व्यवस्था गरेको पाइयो ।

८.७ संस्थाको कुल सम्पत्तिमा शुद्ध कर्जा लगानीको अवस्था ६७।३% देखिन्छ भने बचतको अनुपात ७७।४०% रहेको छ ।

**९. लेखा तथा सुपरीक्षण समितिको टिप्पणी तथा सुझावहरुः**

यस आवमा संस्थाको आन्तरिक लेखापरीक्षण, लेखा तथा सुपरीवेक्षण समितिद्वारा दिइएका सुझावहरूको सन्दर्भमा संस्थाले ती सुझावलाई अध्ययन गरी कार्यान्वयन गर्दै आएको जानकारी यस साधारण सभासमक्ष अवगत गराउन चाहन्छु । लेखा तथा सुपरीवेक्षण समितिले औंल्याएका केही सुझाव तथा टिप्पणीहरूमध्ये केही बुँदाहरू निम्नानुसार रहेका छन् :

९.१ संस्थाको सम्पूर्ण हिसाब किताब कम्प्युटर प्रणालीमा राखिएको छ । ऋण तथा बचतकर्ताहरूको व्यक्तिगत खाताहरूमा लिने तथा दिने ब्याजको गणना ठिकसँग भए/नभएको सम्बन्धमा नमुना परीक्षण गर्दा तोकिएको दरमा ब्याज लेखाङ्कन गरिएको र ब्याज हिसाब गर्दा ३६५ दिन वार्षिक गणनाका आधारमा राखिएको देखिएको छ ।

९.२ कर्मचारीहरूको मासिक तलब भुक्तानी गर्दा संस्थाले १० प्रतिशत थप

र कर्मचारीहरुको तलवमा १० प्रतिशत कट्टीगरी सञ्चयकोषमा जम्मा गरेको पाईयो ।

९.३ मासिक बचतलाई अनिवार्य गराउने संस्थाको नीति अनुसार सबै सदस्यहरुले नियमित नगरिएको पाइएकोले नियमित गराउन पहल गर्नु पर्ने देखिन्छ ।

९.४ सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सहकारी विभागबाट जारी निर्देशिका बमोजिम संस्थाले कार्य गरिरहेको हुँदा सदस्य पहिचान फारम KYM पूर्णता गर्नु देखिन्छ ।

९.५ आ.व. २०७५/०७६ मा प्रवाह भएको ऋण फाइलहरूको परीक्षण गर्दा समग्रमा देहायबमोजिम भएको देखिएकाले समग्रमा ऋण प्रवाहका लागि आन्तरिकनियन्त्रण प्रणाली सबल हुँदै गएको देखिएको छ ।

- प्रवाहित सबै  कर्जाहरू ऋण समितिबाट पास भएको देखिन्छ ।
- रु. ५ लाख वा सोभन्दा माथि प्रवाह भएका कर्जा सञ्चालक समितिबाट अनुमोदन भएको देखिएको छ ।
- धितो मूल्याङ्कन रु.१० लाख भन्दा माथि  धितो मूल्याङ्कनकर्ताबाट धितो मूल्याङ्कन भएको देखिन्छ ।
- कर्जा लगानी गर्दा 5C विश्लेषण गर्नुपर्ने देखिन्छ ।

९.६ गत आर्थिक वर्षको आन्तरिक लेखापरीक्षणमा प्राप्त भएका सुझावहरू कार्यान्वयनका लागि व्यवस्थापनबाट कार्ययोजना तय गर्नुपर्ने देखिन्छ ।

९.७ संस्थाको दीर्घकालीन हितलाई ध्यानमा राखी ऋणहरूको क्रमशः मासिक साँवा ब्याज तिर्दै किस्ताबन्दीमा लैजानेतर्फ वृद्धि गर्दै लानुपर्ने देखिन्छ ।

९.८ संस्थाको वित्तिय विवरणका केही सुचाङकहरु पर्ल्स अनुगमन पद्धती अनुरुप कायम गर्नुपर्ने देखिनछ । साथै पर्ल्स प्रतिवेदन सञ्चालक समितिको बैठकमा छलफल गरि कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

अन्त्यमा, यस साधारण सभामा हाम्रो निमन्त्रणालाई स्वीकार गरी उपस्थित हुनुभएका प्रमुख अतिथि, विशेष अतिथि, अतिथि, सम्पूर्ण सेयर सदस्यहरू

तथा उपस्थित महानुभावहरूमा हार्दिक आभार व्यक्त गर्दछु । संस्थाको निरन्तर प्रगतिका निम्ति मन, वचन र कर्मले निरन्तर लगनशील रहको नेतृत्व, सेयर सदस्यहरूको न्यायो माया, इमान्दार कर्मचारी, संस्थाका शुभचिन्तकहरूको निरन्तर सहयोग, सद्भाव र सुझाव आगामी दिनहरूमा पनि निरन्तर रहिरहनेछ भन्ने आशा गर्दछु । लेखा तथा सुपरीवेक्षण समितिलाई निरन्तर सहयोग पुऱ्याउने सञ्चालक समिति, सेयरसदस्य महानुभावहरू, कर्मचारी तथा लेखा समितिका सदस्यहरूलगायत सम्पूर्णमा हार्दिक कृतज्ञतासहित धन्यवाद व्यक्त गर्दछु ।

मिति : २०७६/०७/२३

लेखा तथा सूपरिवेक्षण समितिका तर्फबाट

साझा पार्टी प्यालेस लगनखेल, ललितपुर

संयोजक : सचितानन्द घिमिरे

सदस्य : दीपेश्वरी बजगाँई

सदस्य : मिठाराम जमकटेल

धन्यवाद ॥

जय सहकारी । जय प्रतिभा ॥

# प्रतिभा बचत तथा ऋण सहकारी संस्था लिमिटेडको
## तेह्रौं वार्षिक साधारण सभामा
## कोषाध्यक्षको तर्फबाट प्रस्तुत प्रतिवेदन-२०७६

प्रतिभा वचत तथा ऋण सहकारी संस्थाको आ.व.२०७५।०७६ को समग्र आर्थिक विवरण सहितको कोषाध्यक्षको तर्फबाट तयार गरिएको प्रतिवेदन आज तेह्रौ वार्षिक साधारण सभाको अवसरमा संस्थामा भएको कारोबारको आ.व.२०७५/०७६ को वास्तविक आयव्यय तथा चालु आ.व.२०७६/०७७ को लागि सञ्चालक समितिबाट पारित अनुमानित आयव्यय विवरण प्रस्तुत गर्न पाउँदा खुसी लागेको छ।

गाउँदेखि सहरसम्म छरिएर रहेको स-साना पूँजीलाई समुदायमा आधारित सहकारीको माध्यमबाट सदस्यहरुलाई एकिकृत गर्दै बचतगर्ने बानी विकास गराउन तथा सङ्कलित पूँजीलाई स्थानीय आवश्यकता अनुसार आफ्नै सदस्यमा लगानी गरी उत्पादनमुखी बनाउने अभिप्रायले सहकारी ऐन २०४८ अनुसार यस संस्था स्थापना भएको हो। यसले एक अर्कालाई चिन्ने र सहकार्य गर्ने साझा थलो (प्रतिभा साकोस) निर्माण गरेको छ। संस्थालाई फलाउन, फुलाउन तथा संवृद्ध बनाउन तपाई सेयर सदस्यहरुको माया ममता आवश्यक पर्दछ। संस्थालाई आर्थिक रुपमा संवृद्ध बनाउन र पूँजी निर्माण गर्न यहाँहरुको साथ सहयोग र सद्भावको संस्थाले सदैव अपेक्षा गर्दछ।

प्रतिभा वचत तथा ऋण सहकारी संस्था लि. १३ वर्ष पूरा गरी १४ वर्षमा प्रवेश गरेको यस अवसरमा सम्पूर्ण सदस्यहरुमा हार्दिक आभार प्रकट गर्दछु। साधारण सभाको यस अवसरमा धेरै आरोह अवरोहहरु पार गरी यस अवस्थासम्म आईपुगेको व्यहोरा शेयर सदस्य महानुभावहरुमा सर्वविदितै छ। यस प्रतिभा साकोसले पनि ललितपुरका अतिदुर्गम क्षेत्रमा सेवा दिँदै आएको र संस्थाको कारोबार नियमित गर्ने, संस्थामा सम्पर्क समन्वय, आवश्यक सरसल्लाह गर्नुहुने तपाई सदस्यहरु प्रति संस्थाको कोषाध्यक्षको तर्फबाट हार्दिक आभार व्यक्त गर्दछु।

सहकारी संस्था सहकार्यको प्रतीक हो। अन्य वित्तीय संस्थाहरुसँग आर्थिक

कारोबार गरी रहनु भएका सेयर सदस्य महानुभावहरु यस संस्थालाई आफ्नै संस्था सम्झी यसै संस्थावाट आर्थिक काराबार गरिदिनु हुनसमेत विषेश आग्रह गर्दछु । संस्था सञ्चालनका क्रममा सकारात्मक सोचका साथ तत्कालीन परिस्थितिमा गरिएका निर्णय बदलिँदो परिस्थितिमा कम प्रभावकारी देखिएका पनि हुन सक्छन् । त्यस्ता निर्णयलाई समय सामेक्ष परिवर्तन गर्दै संस्थाअगाडि बढिरहेको व्यहोरा समेत सम्पूर्ण सेयर सदस्यज्यूहरुमा अनुरोध गर्दछु ।

**संस्थाका आर्थिक नीति तथा कार्यक्रमहरु :–**

१. कर्जा असुली कार्यलाई मासिक रुपमा वैज्ञानिक ढंगले निर्धारण गरी आर्थिक वर्षको अन्त्यमा पर्ने गरेको चापलाई न्यूनीकरण गरिने छ ।
२. सदस्यको परियोजना विश्लेषणका आधारमा मात्र ऋण लगानी गरिनेछ ।
३. उत्पादनमुलक क्षेत्रमा लगानीका लागि सदस्यलाई प्रोत्साहन गरिनेछ ।
४. आर्थिक अनुशासन पालना गरी गराई खुद नाफाको दरलाई वृद्धि गरिनेछ ।
